नेपाल सरकार
अर्थ मन्त्रालय
महालेखा नियन्त्रक कार्यालय
Financial Comptroller General Office

पत्र संख्याः
चलानी नं.

# प्रेस विज्ञप्ति

महालेखा नियन्त्रक कार्यालयबाट सङ्घ तथा सातै प्रदेश सरकारका लागि दुई महत्वपूर्ण प्रणालीहरु विकास गरी प्रयोगमा ल्याईएको छ । महालेखा नियन्त्रक कार्यालय र प्रदेश लेखा नियन्त्रक कार्यालयले प्रयोग गर्ने गरी वित्तीय व्यवस्थापन सूचना प्रणाली (FMIS) र नेपाल सरकार तथा प्रदेश सरकारका मन्त्रालयहरु, केन्द्रीय निकायहरु, विभागहरु र निर्देशनालयहरुले प्रयोग गर्ने गरी मन्त्रालयगत वित्तीय सूचना प्रणाली (MFMIS) विकास गरिएका दुवै प्रणालीहरुको आज मिति २०७९/०४/०२ मा महालेखा नियन्त्रक श्री सुमनराज अर्यालज्यूबाट शुभारम्भ भएको छ ।

शुभारम्भ कार्यक्रममा महालेखा नियन्त्रकज्यूबाट यी दुई प्रणालीबाट नेपालमा तीनै तहको सरकारका प्रतिवेदनहरु विश्वसनीय र समयमै तयार हुने विषयमा आफु विश्वस्त रहेको चर्चा गर्दै मन्त्रालय तथा केन्द्रीय निकायको केन्द्रीय स्तरको लेखा समेत सुदृढ हुन मन्त्रालयगत वित्तीय व्यवस्थापन सूचना प्रणाली सक्षम रहने छ भन्नुभयो । वित्तीय व्यवस्थापन सूचना प्रणालीले तीनै तहको सरकारको प्रतिवेदन समयमै तयार गर्न थप सहयोग पुर्याउने विश्वास व्यक्त गर्नुभयो ।

भर्चुअल माध्यमबाट गरिएको उक्त कार्यक्रममा प्रदेश सरकारका प्रमुख सचिवहरु, प्रदेश सचिवहरु, मन्त्रालय तथा केन्द्रीय निकायमा कार्यरत आर्थिक प्रशासन प्रमुखहरु, प्रदेश लेखा नियन्त्रक तथा प्रदेश लेखा इकाई कार्यालयका प्रमुखहरु साथै नेपाल सरकारका विभिन्न मन्त्रालय र केन्द्रीय निकायका प्रमुखहरु, कोष तथा लेखा नियन्त्रक कार्यलयका प्रमुखहरु र महालेखा नियन्त्रक कार्यालका कर्मचारीको सहभागिता रहेको थियो ।

यी प्रणालीहरुको प्रयोगबाट नेपाल सरकार तथा प्रदेश सरकारका करीब ५२०० कार्यालयहरु लाभान्वित हुनेछन् । यी प्रणालीहरुको उपयोग गरी नेपाल सरकार तथा सातै प्रदेश सरकारका वित्तीय विवरणहरु समयमै प्राप्त हुने, प्रणालीहरुले दिने सूचनाका आधारमा उच्च व्यवस्थापनले तथ्यमा आधारित भएर निर्णय लिन सक्ने तथा तीनै तहको सरकारको एकीकृत वित्तीय विवरणहरु सरल, सहज,विश्वसनीय र कम लागतमा समयमै तयार गर्न सकिने विश्वास लिइएको छ ।

मिति : २०७९।०४।०२

थान प्रसाद पंज्ञानी
सह महालेखा नियन्त्रक